नेपाल सरकार
भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
**सहकारी विभाग**
**नयाँ बानेश्वर, काठमाडौं**

**फोन नं. ४४६५३६२**
Website: www.deoc.gov.np
mail: info@deoc.gov.np

# सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**सूचना सार्वजनिक गर्ने निकायको नाम:**– सहकारी विभाग, नयाँ बानेश्वर, काठमाडौं।

**सूचना सार्वजनिक गरेको अवधि:**– २०८२/०१/०१ देखि २०८२/०३/३२ सम्मको

## १. निकायको स्वरुप र प्रकृति:–

सहकारिता स्वावलम्बनको पारस्परिक अभ्यास हो। सहकारी व्यवसायमा मानविय मुल्यहरु प्रधान हुन्छन भने नियन्त्रणको लोकतान्त्रिक विधि हुन्छ। सहकारी पद्धतिले मानिसहरूलाई एकजुट हुन र समान आर्थिक, सामाजिक तथा सांस्कृतिक आवश्यकता र आकाङ्क्षाहरू पूरा गर्नमा सघाउ पुर्याउँछ। बिशेषत: न्यूनआय समुहका कृषक, कालीगढ, श्रमिकका साथै आम उपभोक्ता वर्गको आर्थिक तथा सामाजिक उत्थानका लागि सहकारीको माध्यम आवश्यक भएको हो। आर्थिक तथा सामाजिक पक्ष दुवैलाई समेटिने हुनाले सहकारी प्रक्रियामा बिपन्न वर्गको बहुआयमिक सहकारीकरण भइरहेको हुन्छ। जसका लागि विकास चाहिएको हो उसैको सक्रियता बिना दिगो विकास सहज पनि हुदैन। सहकारी क्षेत्रलाई विस्तारित रूपमा अघि बढाउन सकिए दिगो विकासका लक्ष्यहरु हासिल गर्नमा उल्लेखनिय सघाउ पुग्नेछ।

नेपालमा सहकारिताको थालनी वि.सं. २०१३ मा भएको हो। सहकारिताको माध्यमबाट आर्थिक तथा सामाजिक विकासको गतिमा तीव्रता ल्याउन नेपालमा सहकारीलाई नीतिगत प्राथमिकता दिइएको पाइन्छ। नेपालको संविधानमा राज्यका निर्देशक सिद्दान्तमा **''सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकासमार्फत स्वतन्त्र र समृद्द अर्थतन्त्रको विकास गर्ने''** भनिएको छ। (धारा ५० त्यस्तै राज्यका निर्देशक सिद्धान्त तथा नीतिमा **''सहकारी क्षेत्र समेतको सहभागिता तथा स्वतन्त्र विकास मार्फत राष्ट्रिय अर्थतन्त्र सदृढ गर्ने''** (धारा ५१ (घ.१)। एवं **''सहकारी क्षेत्रलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने''** (धारा ५१ घ.२) विषयमा जोड दिइएको छ। सहकारी अभियानमा सघाउ पुर्याउन वि.सं. २०१० मा स्थापना भएको सहकारी विभागलाई क्रमिक रूपमा सुदृढीकरण गरिएको छ। सहकारी सम्बन्धी कानुन तथा कार्यविधिहरूमा पनि समय सापेक्ष परिमार्जन भइरहेको छ। हाल प्रचलनमा रहेका सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ बाट नेपालमा सहकारिताको विकासका लागि थप आधारहरू तय भएका छन्।

हाल सहकारी संघसंस्थाहरूको सञ्जाल देशव्यापी रूपमा विस्तार भएको छ। नेपालको संविधान (२०७२) अनुसार सहकारी विषय संघ, प्रदेश र स्थानीय तहमा रहने व्यस्था गरे अनुसार तहगत सरकारवाट सहकारी नियमन हुने व्यवस्था रहेको छ।

आर्थिक वर्ष २०८१/८२ फागुनसम्ममा देशभर सहकारी संस्थाहरुको संख्या ३२ हजार ९ सय ६५ रहेको छ। कुल सहकारी संस्थाहरुमध्ये संघीय सरकार अन्तर्गत १ सय ४७, प्रदेश सरकार अन्तर्गत ७ हजार ५ सय ९९ र स्थानीय तह अन्तर्गत २५ हजार २ सय १९ रहेका छन्। सहकारी संस्थाको संख्या, सदस्य संख्या, शेयर पूँजी, बचत परिचालन, लगानी, प्रत्यक्ष रोजगारीको स्थिति तल तालिका नं. १ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. १**

**सहकारी संस्थाको संख्या, आवद्ध सदस्य संख्या, शेयर पूँजी, निक्षेप संकलन, लगानी र रोजगारी स्थिति**

**(रकम रु. करोडमा)**

<u>विगत १० वर्षको सम्बन्धित क्षेत्रको तथ्याङ्क तालिका</u>

| आ.ब. | संस्था संख्या | सदस्य संख्या | शेयर पुँजी (करोडमा) | निक्षेप संकलन (करोडमा) | ऋण लगानी (करोडमा) | प्रत्यक्ष रोजगारी संख्या |
|---|---|---|---|---|---|---|
| २०७२/७३ | ३३५९९ | ६०३०८५७ | ७१३५ | २९५७२ | २८९८२ | ५६४७५ |
| २०७३/७४ | ३४५१२ | ६३०५५८१ | ७३१७ | ३०२१६ | २७३७१ | ६०५१७ |
| २०७४/७५ | ३४५१२ | ६४५१३३० | ७६०९ | ३११२२ | २७३७१ | ६११२२ |
| २०७५/७६ | ३४७३७ | ६५१२३४० | ७६३४ | ३४५५८ | ३३२७१ | ६३५०० |
| २०७६/७७ | ३४८३७ | ६५१५४६० | ७७२४ | ३५०५८ | ३४१७१ | ६८४०० |
| २०७७/७८ | २९८८६ | ७३०७४६२ | ९४१० | ४७७९६ | ४२६२६ | ८८३०९ |
| २०७८/७९ | ३०८७९ | ७३३७२५२ | ९४१२ | ४७७९९ | ४२६३१ | ९१३०१ |
| २०७९/८० | ३१३७३ | ७३८१२१८ | ९४१५ | ४७८०३ | ४२६३५ | ९३७७१ |
| २०८०/८१ | ३१४५० | ७३८३५२८ | ९४७२ | ४७८११ | ४०५०३ | ९४००२ |
| २०८१/८२* | ३२९६५ | १०९०५१९२ | १४३२९ | ११२५२८ | ९२३७४ | ९०२६५ |

**सहकारी विभागमा विभिन्न समयमा विभिन्न माध्यमबाट स्थानीय तह तथा प्रदेशबाट प्राप्त तथ्याङ्क र यस अघी २०७७ सालमा विभागबाट प्रकाशित सहकारी झलकमा प्रकाशित तथ्याङ्क समेतका आधारमा तयार पारिएको २०८१ साल फागुन मसान्तसम्मको विवरण*

सहकारी संस्थाहरूको कुल शेयर पुँजी रु. १ खर्ब ४३ अर्ब २९ करोड, संकलित बचत निक्षेप रकम रु. ११ खर्ब २५ अर्ब र ऋण लगानी रु.९ खर्ब २३ अर्ब रहेको छ। सहकारी क्षेत्रले मुलुकको कुल गार्हस्थ उत्पादनमा उल्लेख्य योगदान पुर्याएको अनुमान छ। सहकारी संघ संस्थाहरूमा करिव ९० हजार भन्दा बढी नागरिकले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् भने अप्रत्यक्ष रूपमा झण्डै दशलाखले रोजगारी पाएको अनुमान छ। महिला, आदिवासी/जनजाति, दलित, मधेसी, मुस्लिम लगायत पिछडिएको वर्ग र क्षेत्रका समुदायमा समेत सहकारी रहेकोले जनसहभागितामा उल्लेखनीय वृद्धि भएको छ। राज्य र निजी स्तरको पहुँच नपुगेका क्षेत्र तथा समुदायमा समेत सहकारिताको माध्यमबाट उद्यमशीलताको विकास हुन थालेको छ।

सहकारी क्षेत्रको प्रवर्द्धन, विकास र नीतिगत व्यवस्थाका लागि नेपाल सरकारलाई सघाउ पुर्याउन राष्ट्रिय सहकारी विकार बोर्ड ऐन, २०४९ अन्गर्गत राष्ट्रिय सहकारी विकास बोर्डको स्थापना भई संचालनमा रहेकोमा संघ, प्रदेश र स्थानीय तहको कार्यक्षेत्रभित्रका बचत तथा ऋणको मुख्य कारोबार सहकारी संस्थाको नियमन गर्न राष्ट्रिय सहकारी नियमन प्राधिकरण स्थापना गर्ने उदेश्य सहित मिति

२०८१/०९/१४ मा सहकारी सम्बन्धी केही नेपाल ऐन संसोधन गर्न अध्यादेश समेत जारी भई मिति २०८१/१०/१४ वाट प्राधिकरण समेत स्थापना भइसकेको छ । उक्त अध्यादेशले सहकारी संस्थावाट प्रवाह भएको १० लाख सम्मको कर्जाको सूचना अदान प्रदान गर्न प्रचलित कानून बमोजिम स्थापना भइ संचालनमा रहेको कर्जा सूचना केन्द्रको सदस्यता लिनुपर्ने र बचत तथा ऋणको मूख्य कारोबार गर्ने सहकारी संस्थाहरु बचत तथा कर्जाको सुरक्षणको लागि निक्षेप तथा कर्जा सूचना कोष ऐन अन्तर्गतको कोषको सुरक्षित सदस्य संस्थाको सदस्यता लिनुपर्ने व्यवस्था समेत गरिएको छ।

### १.१ सहकारी विभागको सांगठनिक परिचय

सहकारी विभागका लागि संगठनात्मक तथा दरबन्दी संरचना अनुसार रा.प.प्रथम (प्रशासन) को रजिस्ट्रार पद एक, रा.प. द्वितिय (प्रशासन) को उपरजिस्ट्रार पद दुई, रा.प.द्धितीय (प्रशासन) उपसचिव (लेखा) को पद एक र रा.प.द्धितीय (विविध) को बरिष्ठ वित्तिय विश्लेषक पद एक समेत कुल जम्मा ३० जनाको दरबन्दी रहेको छ । सहकारी विभागलाई तोकिए बमोजिमका कार्यहरू सम्पादन गर्न निम्न बमोजिमका चार वटा शाखाहरू कायम गरिएका छन् । सहकारी विभागमा रा.प. द्धितीय श्रेणी उपसचिव वा सो सरह प्रमुख रहने गरी ४ वटा शाखाहरु रहेका छन् ।

१. प्रशासन तथा सहकारी प्रवर्धन शाखा,
२. मानदण्ड तथा अनुगमन शाखा,
३. आर्थिक प्रशासन तथा श्रोत परिचालन शाखा,
४. तथ्याङ्क तथा वित्तीय विश्लेषण शाखा।

### २. सहकारी विभागको काम, कर्तव्य र अधिकार:–


- सहकारीताको विकासका लागि राष्ट्रिय नीति तर्जुमा तथा कार्यान्वयन पुनरावलोकनमा मन्त्रालयलाई सहयोग पुर्याउने,
- सहकारी संघसंस्था तथा बैङ्कहरुको अनुगमनका लागि नेपाल राष्ट बैंकसँगसमेत समन्वय गरी मापदण्ड, कार्यविधि, निर्देशिकाहरुको विकास गरी मन्त्रालयबाट स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने,
- सहकारी संघसंस्थाहरुको नियामक निकायको हैसियतमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानूनको कार्यान्वयन सम्बन्धी कार्य गर्ने,
- सहकारी ऐन, नियमावली तथा मन्त्रालयबाट स्वीकृत कार्यविधि बमोजिम अन्तरप्रादेशिक सहकारी संघसंस्था तथा बैंकहरुको निरन्तर अनुगमन गरी आवश्यक सुधारका लागि निर्देशन दिने,
- अन्तरप्रादेशिक रुपमा ठूला आयोजना संचालन गर्न स्थापना हुने विशिष्टीकृत सहकारी संघहरुको दर्ता अनुमति तथा नियमन कार्य गर्ने,

- स्थानीय तह तथा प्रदेश सरकारसँगको समन्वयमा एकीकृत सहकारी व्यवस्थापन सूचना प्रणालीको माध्यमबाट सहकारी सम्बन्धी राष्टिय तथ्याँक व्यवस्थापन गर्ने,
- राष्टिय सहकारी महासंघ तथा केन्द्रीय सहकारी संघहरुसँगको समन्वयमा सहकारी क्षेत्रमा सुशासन कायम गर्न आवश्यक कार्य गर्ने,
- स्थानीय तह तथा प्रदेशस्तरका सहकारी निकायहरुको नियमन तथा प्रवर्धन क्षमता अभिबृद्धि गर्न आवश्यक विषयगत दिग्दर्शन, नमूना निर्देशिका, कार्यविधि तर्जूमाका साथै जनशक्ति विकासका लागि कार्य गर्ने,
- सहकारी विकासका क्षेत्रमा स्थानीय तह एवं प्रदेशस्तरमा भएका सहकारीका असल अभ्यासहरुको अभिलेखिकरण गरी अन्तर स्थानीय तह तथा प्रादेशिक रुपमा अनुभव आदानप्रदान गरी सहकारीताको गुणात्मक विकासमा सहयोग पुर्याउने,
- विपन्न ग्रामीण महिला, अपागंता भएका व्यक्ति, मुक्त कमैया, मुक्त हलिया, भुमीहिन कृषक, बेरोजगार श्रमिक र दलित तथा अल्पसख्यंक जनजाति समेतका सीमान्तकृत समूहको सहकारी खेतीपाती वा सदस्यको श्रम वा सिपमा आधारित स्वरोजगारीका उद्योगधन्दा प्रवर्द्धन गर्न योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,
- सहकारी व्यवसाय, अन्तर सहकारी कारोबार तथा कृषिउपजको मूल्य शृङ्खला विकासका आयोजनाहरूलाई सहयोग पुऱ्याउने,
- सहकारी शिक्षा तथा तालिम क्रियाकलापहरूको तर्जुमा, सञ्चालन तथा विस्तारका कार्यहरूको समन्वय गर्ने,
- सहकारी संस्थाहरूको विकास, सहकारी सिद्धान्त, मूल्य मान्यताहरूको प्रचलन तथा सहकारी संस्थाहरूमा सुशासन कायम गराउनका
- लागि आवश्यक निर्देशन गर्ने,
- सहकारी क्षेत्रमा बचत परिचालन, लगानीका क्षेत्र,तरलता, असुली दर लगायतको वित्तीय विश्लेषणको प्रणाली स्थापना गरी वित्तीय सुशासन कायम गराउन तथा प्राथमिकताका क्षेत्रमा स्रोत प्रवाहलाई प्रोत्साहित गर्न सन्दर्भ व्याजदर निर्धारण गर्नुका साथै अन्य वित्तीय मानकहरु तोकि निर्देशन गर्ने,
- वित्तीय समस्यामा परेका सहकारी संघसंस्था तथा बैंकको लेखाजोखा गरी आवश्यकतानुसार समस्याग्रस्त घोषणाको लागि मन्त्रालयमा सिफारिश गर्ने,
- सहकारी संघसंस्थाहरुको एकीकरण, विभाजन, कार्यक्षेत्र पुननिर्धारण, खारेजी, विघटन तथा लिक्विडेटरको नियुक्ति सम्बन्धी कार्य गर्ने,

- स्थानीय तह तथा प्रदेश सरकारबाट माग भई आएको अवस्थामा सहकारी प्रवर्धन तथा नियमनका लागि आवश्यक सहयोग उपलब्ध गराउने,
- सहकारी व्यवसायको प्रवर्धनका लागि संघ, प्रदेश र स्थानीय तहका संयुक्त लगानीका आयोजनाको प्रारुप तयार गरी कार्यान्वयनमा समन्वय, सहकार्य गर्ने,
- स्थानीय तह तथा प्रदेश सरकारबाट हुने सहकारी नियमनका साथै सहकारी संघसंस्था तथा बैकहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यक्रमको तर्जुमा एवं कार्यान्वयनमा समन्वय गर्ने ।

## ३. सहकारी विभागमा रहने कर्मचारी संख्या र कार्य विवरणः–

सहकारी विभागको स्वीकृत सांगठनिक संरचना अनुसार राजपत्रांकित प्रथम श्रेणी सहसचिव (प्रशासन) को नेतृत्वमा देहाय अनुसारको कर्मचारीको दरवन्दी स्वीकृत भएको छ ।




## ४. विभागबाट सम्पादित हुने कार्यहरु–

- सहकारीताको विकासका लागि राष्ट्रिय नीति तर्जुमा तथा कार्यान्वयन पुनरावलोकनमा मन्त्रालयलाई सहयोग पुर्याउने,
- सहकारी संघसंस्था तथा बैङ्कहरुको अनुगमनका लागि नेपाल राष्ट बैंकसँगसमेत समन्वय गरी मापदण्ड, कार्यविधि, निर्देशिकाहरुको विकास गरी मन्त्रालयबाट स्वीकृत भए बमोजिम कार्यान्वयन गर्ने,

- सहकारी संघसंस्थाहरुको नियामक निकायको हैसियतमा सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानूनको कार्यान्वयन सम्बन्धी कार्य गर्ने,
- सहकारी ऐन, नियमावली तथा मन्त्रालयबाट स्वीकृत कार्यविधि बमोजिम अन्तरप्रादेशिक सहकारी संघसंस्था तथा बैंकहरुकोनिरन्तर अनुगमन गरी आवश्यक सुधारका लागि निर्देशन दिने,
- अन्तरप्रादेशिक रुपमा ठूला आयोजना संचालन गर्न स्थापना हुने विशिष्टीकृत सहकारी संघहरुको दर्ता अनुमति तथा नियमन कार्य गर्ने,
- स्थानीय तह तथा प्रदेश सरकारसँगको समन्वयमा एकीकृत सहकारी व्यवस्थापन सूचना प्रणालीको माध्यमबाट सहकारी सम्बन्धी राष्ट्रिय तथ्याँक व्यवस्थापन गर्ने,
- राष्ट्रिय सहकारी महासंघ तथा केन्द्रीय सहकारी संघहरुसँगको समन्वयमा सहकारी क्षेत्रमा सुशासन कायम गर्न आवश्यक कार्य गर्ने,
- स्थानीय तह तथा प्रदेशस्तरका सहकारी निकायहरुको नियमन तथा प्रवर्धन क्षमता अभिबृद्धि गर्न आवश्यक विषयगत दिग्दर्शन, नमूना निर्देशिका, कार्यविधि तर्जूमाका साथै जनशक्ति विकासका लागि कार्य गर्ने,
- सहकारी विकासका क्षेत्रमा स्थानीय तह एवं प्रदेशस्तरमा भएका सहकारीका असल अभ्यासहरुको अभिलेखिकरण गरी अन्तर स्थानीय तह तथा प्रादेशिक रुपमा अनुभव आदानप्रदान गरी सहकारीताको गुणात्मक विकासमा सहयोग पुर्याउने,
- विपन्न ग्रामीण महिला, अपागंता भएका व्यक्ति, मुक्त कमैया, मुक्त हलिया, भुमीहिन कृषक, बेरोजगार श्रमिक र दलित तथा अल्पसख्यंक जनजाति समेतका सीमान्तकृत समूहको सहकारी खेतीपाती वा सदस्यको श्रम वा सिपमा आधारित स्वरोजगारीका उद्योगधन्दा प्रवर्द्धन गर्न योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,
- सहकारी व्यवसाय, अन्तर सहकारी कारोबार तथा कृषिउपजको मूल्य श्रृङ्खला विकासका आयोजनाहरूलाई सहयोग पुऱ्याउने,
- सहकारी शिक्षा तथा तालिम क्रियाकलापहरूको तर्जुमा, सञ्चालन तथा विस्तारका कार्यहरूको समन्वय गर्ने,
- सहकारी संस्थाहरूको विकास, सहकारी सिद्धान्त, मूल्य मान्यताहरूको प्रचलन तथा सहकारी संस्थाहरूमा सुशासन कायम गराउनका लागि आवश्यक निर्देशन गर्ने,
- सहकारी क्षेत्रमा बचत परिचालन, लगानीका क्षेत्र,तरलता, असुली दर लगायतको वित्तीय विश्लेषणको प्रणाली स्थापना गरी वित्तीय सुशासन कायम गराउन तथा प्राथमिकताका क्षेत्रमा स्रोत

प्रवाहलाई प्रोत्साहित गर्न सन्दर्भ व्याजदर निर्धारण गर्नुका साथै अन्य वित्तीय मानकहरु तोकि निर्देशन गर्ने,

- वित्तीय समस्यामा परेका सहकारी संघसंस्था तथा बैंकको लेखाजोखा गरी आवश्यकतानुसार समस्याग्रस्त घोषणाको लागि मन्त्रालयमा सिफारिश गर्ने,
- सहकारी संघसंस्थाहरुको एकीकरण, विभाजन, कार्यक्षेत्र पुननिर्धारण, खारेजी, विघटन तथा लिक्विडेटरको नियुक्ति सम्बन्धी कार्य गर्ने,
- स्थानीय तह तथा प्रदेश सरकारबाट माग भई आएको अवस्थामा सहकारी प्रवर्धन तथा नियमनका लागि आवश्यक सहयोग उपलब्ध गराउने,
- सहकारी व्यवसायको प्रवर्धनका लागि संघ, प्रदेश र स्थानीय तहका संयुक्त लगानीका आयोजनाको प्रारुप तयार गरी कार्यान्वयनमा समन्वय, सहकार्य गर्ने,
- स्थानीय तह तथा प्रदेश सरकारबाट हुने सहकारी नियमनका साथै सहकारी संघसंस्था तथा बैकहरुको क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यक्रमको तर्जुमा एवं कार्यान्वयनमा समन्वय गर्ने।

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी –**

**प्रशासन तथा सहकारी प्रवर्धन शाखा**

- उपरजिष्ट्रार रघुनाथ महत

**मानदण्ड तथा अनुगमन शाखा**

- उपरजिष्ट्रार शशि कुमार लम्साल

**आर्थिक प्रशासन तथा श्रोत परिचालन शाखा**

- उपसचिव (लेखा) रेशम कुमार खत्री

**तथ्याङ्क तथा वित्तीय विश्लेषण शाखा**

- रिक्त

**६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि** :

- कानुनद्वारा तोकिएकोमा बाहेक दस्तुर नलाग्ने

**७. निर्णय गर्ने प्रकृया र अधिकारी** :

- कार्यालय प्रमुख (रजिष्ट्रार)।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारी** :

- सहकारी विभाग, भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय

**९. प्रमुख र सूचना अधिकारीको नाम र पद** :

- **प्रमुख :** रजिष्ट्रार श्री उमेश ढुङ्गाना
- **सूचना अधिकारी :** उपरजिष्ट्रार श्री रघुनाथ महत

**१०. सम्पादन गरेको कामको विवरणः–**

मिति **२०८२/०१/०१ देखि २०८२/०३/३२**(मसान्त) सम्म भएका प्रमुख कार्यहरुः

- सहकारी संघसंस्थामा सुशासन प्रवर्द्धनका लागि १०२ बुँदे एकीकृत निर्देशन जारी गरिएको ।
- सहकारी संघसंस्थाहरुको सघन अनुगमन, सम्पत्ती सुद्दिकरण कानूनको परिपालना अनुगमन लागयतका अनुगमन निरन्तर भइरहेको ।
- राष्ट्रिय सहकारी महासंघ र केन्द्रिय सहकारी संघहरु लगायतका सरोकारवालाहरुसँग सहकारी क्षेत्रका समसामयिक विषयमा २ दिने अन्तरक्रिया कार्यक्रम मिति २०८२ साल असार ८ र ९ गते सहकारी प्रशिक्षण तथा अनुसन्धान केन्द्रको सभाहलमा सम्पन्न भएको ।
- "ग्रे लिष्टबाट बाहिरिने शिध्र सुधारात्मक क्रियाकलापहरुको विस्तृतीकरण" मा सहकारी नियमन सुपरीवेक्षणसँग सम्बन्धित निकायले गर्नुपर्ने भनी उल्लेख भएको १० वटा बुँदाको कार्यान्वयनको लागि तयार गरिएको विस्तृत कार्ययोजना अनुरुप निम्न कार्यहरु सम्पन्न गरिएको-
    - स्थलगत र गैरस्थलगत सुपरीवेक्षण दिग्दर्शन २०८२ स्वीकृत गरी लागु गरिएको ।
    - स्थलगत र गैरस्थलगत सुपरीवेक्षण कार्ययोजना बनाई लागु गरिएको ।
    - सम्पत्ती शुद्दिकरण निवारण सम्न्धी क्षमता अभिवृद्दि कार्ययोजना बनाई लागु गरिएको ।
    - सहकारी क्षेत्र सम्पत्ती शुद्दिकरण निवारण सम्बन्धी कार्यदलको बैठक बसी कार्ययोजना उपर छलफल गरिएको ।
    - मधेश प्रदेशको जनकपुरमा सम्पत्ति शुद्दिकरण निवारण सम्बन्धी सहकारी संस्थाहरुलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न ।
    - सहकारी संघसंस्थाहरुको सम्पत्ति शुद्दिकरण निवारण सम्बन्धी कानूनको परिपालनाको अनूगमन पश्चात कैफियत देखिएका केही सहकारी संस्थाहरुलाई स्पष्टीकरण सोधी कारवाही गर्ने प्रक्रिया अगाडी बढाईएको।

- सहकारी संस्थामा जोखिममा आधारित सम्पत्ती शुद्दिकरण निवारणका लागि अनलाईन फारम मार्फत सहकारी संस्थाहरुको तथ्याङ्क संकलन गरी जोखिम वर्गिकरणको कार्य शुरु गरिएको।

- आम सञ्चारका माध्यमहरु एफ एम रेडियो र टेलिभिजनसँग सम्झौता गरी सहकारी सम्बन्धी सूचना/सन्देश प्रसारण गरिएको ।
- सहकारी संघ संस्थाहरुको Fiduciary Risk Management सम्बन्धी अन्तर्क्रिया सम्पन्न ।
- COPOMIS सम्बन्धी स्थानीय तहमा कार्यरत सुचना प्रविधि अधिकृत/सहकारी अधिकृतहरुलाई प्रशिक्षक प्रशिक्षण कार्यक्रम (TOT) सम्पन्न गरिएको ।
- सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ ले परिकल्पना गरेका संस्थागत संरचनाहरु- सहकारी संस्थाको कर्जा असुली न्यायाधिकरण स्थापना भई सञ्चालनमा आएको छ भने सहकारीमा बचत तथा कर्जा संरक्षण कोष र सहकारी कर्जा सूचना केन्द्र स्थापना तथा सञ्चालनका लागि आवश्यक प्रारम्भिक कार्य गरिएको।
- बचतकर्ताबाट प्राप्त भएका उजुरीहरुको समयमै सम्बोधन गर्ने प्रयास गरिएको.। धैरै उजुरी परेका सहकारी संस्थाका सञ्चालक तथा व्यवस्थापकहरु र वचतकर्तालाई सहकारी विभागमा वोलाई समयमा नै वचत फिर्ताको लागि कार्ययोजना पेश गर्न लगाउने, सामूहिक प्रतिबद्दता गराउने लगायतका कार्य मार्फत बचत फिर्ता सहजिकरण गर्ने गरिएको । साथै यसको समय समयमा फलोअप प्रतिवेदन लिने गरिएको ।
- सहकारी संघसंस्थाहरुको सघन अनुगमन, सम्पत्ती सुद्दिकरण कानूनको परिपालना अनुगमन लगायतका अनुगमन निरन्तर भइरहेको र अनूगमन पश्चात आवश्यक निर्देशन दिई समस्याको न्यूनिकरण गर्ने प्रयास निरन्तर गरेको।
- दुई वा सो भन्दा बढी प्रदेशमा कार्यक्षेत्र भएका र निष्क्रिय अवस्थामा रहेका सहकारी संस्थाहरुको स्थलगत रुपमा भ्रमण गरी यथार्थ वस्तुस्थिति संकलन गर्नका लागि समूह बनाई परिचालन गरिएको ।
- हाल सम्म २३ वटा सहकारी सस्था सहकारी ऐन, २०७४ को दफा १०४ बमोजिम समस्याग्रस्त सहकारी संस्था घोषणा भएका छन् । साथै समस्याग्रस्त घोषित संस्थाको सम्पत्ति र दायित्व फरफारक सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन कार्ययोजना बनाई समस्यमग्रस्त सहकारी व्यवस्थापन समितिको कार्यालयले काम गरिरहेको ।
- आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रगति विवरणका साथै आगामी आर्थिक वर्षको लागि माईलस्टोन सहितको वार्षिक कार्यक्रम सञ्चालन कार्ययोजना तयार गरिएको ।

**११. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः–**

**प्रमुखको नामः** श्री उमेश ढुङ्गाना

**पदः** रजिष्ट्रार

**सम्पर्क नं.** ९७७-१-४४६५३६२, ४४६११७७

**सूचना अधिकारीको नामः** श्री रघुनाथ महत

**पदः** उप-रजिष्ट्रार

**सम्पर्क नं.** ९७७-१-४४६५३६२, ४४६११७७

**मोबाइल नं.** ९८५१४०७७७०, **इमेलः** info@deoc.gov.np

**१२. ऐन, नियम, विनियम, निर्देशिकाको सूची –**

(क) सहकारी ऐन, २०७४
(ख) सहकारी नियमावली, २०७५
(ग) राष्ट्रिय सहकारी नीति, २०६९
(घ) सम्पत्ति शुद्धीकरण सम्बन्धमा सहकारी संघसंस्थाहरुलाई जारी गरिएको निर्देशन, २०७४
(ङ) सहकारी संस्थामा सम्पत्ति शुद्धीकरण निवारण कानुनको पालना सम्बन्धी अनुगमन तथा सुपरिवेक्षण कार्यविधि, २०७५
(च) सहकारी संघसंस्था दर्ता दिग्दर्शन, २०७४
(छ) सहकारी संघ संस्थाको लेखापरिक्षण निर्देशिका, २०७५
(ज) सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०६४ र नियमावली, २०६५
(झ) सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५
(ञ) सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका, २०७६
(ट) बचत ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरूको सुपरिवेक्षण, निरिक्षण तथा अनुगमन निर्देशिका, २०७७
(ठ) सहकारी संस्थाको एकीकरण तथा विभाजन सम्बन्धी निर्देशिका, २०७७
(ड) सहकारी सम्बन्धी शैक्षिक क्रियाकलापको प्रमाणीकरण समितिको कार्यविधि, २०७९

**१३. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरणः–**

| क्र.स. | बजेट उपशीर्षक | बजेट (रु लाखमा) | | | खर्च (रु लाखमा) | | | खर्च प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा | चालु | पुँजीगत | जम्मा |
| १ | सहकारी विभाग | ३५३.२५ | ० | ३५३.२५ | २६९.३५ | ० | २६९.३५ | ७६.२५ | ० | ७६.२५ |
| २ | सहकारी क्षेत्र सुदृढीकरण तथा प्रणाली सुधार कार्यक्रम | ४४३.०७ | ६० | ५०३.०७ | १००.२७ | २४.३५ | १२४.६२ | २२.६३ | ४०.५८ | २४.७७ |

## १४. तोकिए बमोजिमका अन्य विवरण :– X

## १५.अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण :– ×××

## १६. सार्वजनिक निकायको वेबसाईट र ईमेल भए सोको विवरण :–

Website: deoc.gov.np

E-mail: info@deoc.gov.np,

## १७. सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:– X

## १८. सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन:

| सि.नं. | कार्यक्रम/आयोजना | वित्तीय प्रगति % | भौतिक प्रगति % |
|---|---|---|---|
| १ | सहकारी विभाग | ७६.२५ | ९९.२२ |
| २ | सहकारी क्षेत्र सुदृढीकरण तथा प्रणाली सुधार कार्यक्रम | २४.७७ | ६८.८३ |

माईलस्टोनमा रहेका महत्वपूर्ण कार्यक्रमहरुको प्रगति विवरण

| मुख्य क्रियाकलाप | माइल्स्टोन | वेशलाइन | वार्षिक लक्ष्य | इकाई | वार्षिक प्रगति |
|---|---|---|---|---|---|
| नियमनकारी निकायका कर्मचारीहरुको लागि सहकारी नियमन, प्रवर्द्धन, प्रशिक्षण साथै सहकारी संघसंस्थाका पदाधिकारी तथा कर्मचारीहरुको लागि सहकारी व्यवसाय प्रवर्द्धन, नेतृत्व विकास, प्रशिक्षक प्रशिक्षण लगायतका तालिमहरु संचालन गर्ने | तालिम सञ्चालन गर्ने। | | ५०० | जना | ५०० |
| सहकारी संस्थाको सम्पत्ति शुद्धिकरण परिपालना अनुगमन गर्ने | अनुगमन गर्ने। | ५० | ७० | संख्या | १२० |
| सहकारी संस्थाको सम्पत्ति शुद्धिकरण परिपालना अनुगमन गर्ने | प्रतिवेदन प्राप्ति र निर्देशन गर्ने। | ५० | ७० | संख्या | १२० |
| सहकारी संघ संस्थाको सघन अनुगमन प्रतिवेदन छलफल र निर्देशन | अनुगमन गर्ने। | ७० | ४० | संख्या | ११० |
| सहकारी संघ संस्थाको सघन अनुगमन प्रतिवेदन छलफल र निर्देशन | प्रतिवेदन प्राप्ति र निर्देशन गर्ने। | ७० | ४० | संख्या | ११० |
| स्थानीय तह, प्रदेश, राष्ट्र बैंक र विभागबाट संयुक्त सघन अनुगमन | अनुगमन गर्ने। | १९ | १० | संख्या | ३८ |
| स्थानीय तह, प्रदेश, राष्ट्र बैंक र विभागबाट संयुक्त सघन अनुगमन | प्रतिवेदन प्राप्ति र निर्देशन गर्ने। | १९ | १० | संख्या | ३८ |
| कोपोमिस प्रणाली सम्बन्धी प्राविधिक प्रशिक्षक प्रशिक्षण (MTOT) कार्यक्रम | तालिम सञ्चालन गर्ने। | | १०० | जना | १०० |

**१९. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि**– X

**२०. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरणः**–X

**२१. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण:**– X

**विभागको सम्पर्क नम्बर, वेभसाईट र इमेल ठेगाना**

**इमेलः** info@deoc.gov.np

**वेभसाईटः** www.deoc.gov.np

**सम्पर्क नम्बर :** +९७७-०१-४४६५३६२,
+९७७-०१-४४६११७७,
+९७७-०१-४४६५२५१
+९७७-०१-४४६५२५२